Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग

❑ वर्ष ८ ❑ अंक २३ २०७६ पौष २० गते आईतवार Sunday 5, JAN, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कम्जोर सुरक्षा निकायको फाईदा उठाउँदै लागु औषध सेवन कर्ता र विक्रेता

विराटनगर । नेपाल भारतको खुल्ला सिमाना र दुवै देशको कम्जोर सुरक्षा निकायको आँखामा धुलो झोक्दै दिनहुँ सयौ नेपालीहरुले सिमावर्ती क्षेत्र भारतमा गई लागु औषध सेवन गर्ने र लागु औषध खरीद गरी नेपाल भित्राई यूवाहरुलाई विक्री वितरण गरी कुलतमा फसाउंने काम व्यापक रुपमा बृद्धि भईरहेको छ ।

नेपाल भारत सिमा क्षेत्रमा दुवै देशको सुरक्षा निकायहरु २/३ किलो मिटरको दुरीमा तैनाथ रहको छन् तर लागु औषध सेवन कर्ता र ओसार पोसार गर्नेको संख्या दिनानुदिन बढोत्तरी हुँदै गएको कुरा सुरक्षा निकायकै तथ्यांकवाट देखिन्छ ।

प्रदेश नं. १ का तीनवाट जिल्लाहरु भारतको सिमानासंग जोडिएको छ । झापा, मोरंग र सुनसरी मध्ये मोरंग जिल्लाको राजाधानी विराटनगर महानगर पालिकासंग जोडिएर रहेको भारतको जोगवनी वजार नजिकै



लागु औषध विक्री वितरण गर्दै टिकुलियाका एक व्यक्ति

रहेको टिकुलया र नेपालको दरैया बस्ती अहिले लागु औषध प्रयोग कर्ता र विक्रेताको लागि सुरक्षित स्थान बन्दै गएको छ ।

खुलेआम टिकुलियाबस्तीमा नेपालीहरु यूवाहरुले लागु औषध सेवा र खरीद विक्री गरि रहंदा त्यहांका सुरक्षा निकाय विहार पुलिसले केही गर्न सकेका छैन । नेपाल तीर इलाका प्रहरी कार्यालय रानी, सशस्त्र प्रहरी बल रानी, प्रदेश प्रहरी कार्यालय रानी, प्रहरी तालिम केन्द्र रानी जस्ता सुरक्षा निकाय हुंदा-हुँदै पनि फाटफुट मात्रमा रानी थानाले लागु ओषध प्रयोग कर्ता र ओसार पोसार कार्तालाई पक्राउ गरेको तथ्यांक भएपनि दिनानुदिन त्यो संख्यां बढ्दै गएको स्थानीय बासीको भनाई छ ।

टिकुलिया बस्तीमा लागु औधष विक्रेता अधिकांश भारतीय रहेका छन् भने लागु औषध खरीद गरी सेवन गर्ने र नेपाल भित्रियाउनेमा अधिकांश नेपाली युवायुवतीहरु रहेका छन् । दैनिक सयौको संख्यामा धरान धनकुट्टा, इटहरी, विराटनगर, दुहवी, दमक लगायतको स्थानवाट यूवायुवतीहरु दरैयावस्ती पुगी लागु औषध सेवन गर्ने र विक्रीवितरणको लागि खरीद गरी नेपाल भित्रियाई

वांकी अन्तिम पेजमा...

## श्रवणदृष्टी विहीनको लागि परियोजना संचालन

**मनिष दास**

बिराटनगर । श्रवणदृष्टी विहीनहरुको क्षमता विकासका लागी मोरङ जिल्लामा स्वस्थ्य जिवन परियोजना सञ्चालनमा आएको छ । श्रवणदृष्टी विहीनलाई शारिरिक र मानसिक रुपमा स्वस्थ्य वनाउनको लागि परियोजना सञ्चालनमा ल्याएका छ ।

सेन्स इन्टरनेशनलको आर्थिक सहयोगमा तथा राष्ट्रिय वहिरा महासंघ नेपालको सहकार्यमा कोशी वहिरा संघको आयोजनामा परियोजना सञ्चालनमा आएको छ ।

पहिलो चरणमा विराटनगर महानगरपालिकामा परियोजना सञ्चालन आएको छ । कोशी वहिरा

वांकी अन्तिम पेजमा...

## हतियार सहित तीन जना पक्राउ

विराटनगर । नेपाल सरकारले प्रतिवन्धीत गरेको नेपाल कम्यूनिष्ट पार्टी विप्लव समूहका तीन जना जिल्ला स्तरीय कायकर्ता हतियार सहित पक्राउ परेको छ ।

जिल्ला मोरङ वेलबारी नगरपालिका वडा नं. ५ कसेनी, रामपुर स्थितबाट सो क्षेत्रमा नेकपा विप्लव समूहका कार्यकर्ताहरू हातहतियार सहित चन्दा असुल गरी हिडेको भन्ने प्राप्त विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित नेकपा विप्लव समूहका कष्ण चौलागाई भन्ने नरेश चौलागाई, क्षितिज पौडेल र चिरञ्जीव धितालालाई पक्राउ गरेका छ ।

ती समूहले लुकाई राखेको जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ५ रामपुर स्थित सुनसरी-मोरङ आयोजनाको नहर छेउ केराघारीमा लुकाई राखेको कटुवा पेस्तोल थान १ र ब्रिटस ३०३ लेखिएको गोली २ थान गोली समेत बरामद गरेको छ ।

विराटनगर महानगर पालिका वडा

वांकी अन्तिम पेजमा...

## सभापति देउवाको चर्को आलोचना

विराटनगर । नेपाली कांग्रेसका नेताहरुले पार्टी सभापति शेरबहादुर देउवाको चर्को आलोचना गर्दै गुट छाड्न सुझाव दिएका छन् ।

राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसरमा नेपाली कांग्रेस मोरङले बयरबनमा आयोजना गरेको कार्यक्रममा बोल्ने अधिकांस नेताहरुले सभापति देउवाको व्यवहार प्रति चर्को आलोचना गरेका थिए ।

कांग्रेसका प्रभावशाली नेता डा.शेखर कोइरालाले पार्टी सभापति देउवाले नैतिकता गुमाएर नेतृत्वमा बसिरहँदा कांग्रेस कमजोर बन्दै गएको आरोप लगाएका थिए । ठुला-ठुला भ्रष्टाचारका बिषयमा सभापति देउवाको नाम जोडिदा प्रतिपक्षको भूमिकामा कांग्रेस खरो उत्रन नसकेको नेता कोईरालाको ठहर छ । 'ह्वाईटबडी काण्ड, बालुवाटार जग्गा प्रकरण, यति होल्डिङ्स जस्ता कुरामा हाम्रा सभापतिको नाम जोडिन्छ । यो बिषयमा उहाँ नैतिक धरातलमा उभिन सक्नुहुन्छ ? प्रश्न गर्दै उनले भने 'नैतिक धरातल गुमाईसकेको व्यक्ति नेतृत्वमा रहिरहँदा अहिले नेपाली कांग्रेस पार्टी नै अफठेरो परिस्थिती आएको छ ।'

कांग्रेस पार्टी राणा, राजाहरुसँग लडेर आएको स्मरण गर्दै नेता कोईरालाले अहिले पार्टी सभापति देउवाको कमजोरीका कारण कम्युनिष्ट पार्टीको सरकारसामु प्रतिपक्षको भूमिकामा पनि बोल्न नसक्नु दुर्भाग्य भएको टिप्पणी गर्दै

वांकी अन्तिम पेजमा...

### देउवाको स्वागतमा गएनन् नेता

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरमा नेपाली कांग्रेसका सभापति देउवाप्रतिको असन्तुष्टि बैचारिक रुपमा मात्र नभई व्यवहारिक रुपमासमेत देखिन थालेको छ ।

केन्द्रिय नेता आउँदा प्राय अधिकांस पदाधिकारीसहित नेताहरु स्वागतका लागि बिराटनगर बिमानस्थल पुग्ने गरेको भएपनि पौष १६ गते बुधबार त्यस्तो भएन ।

मेलमिलाप दिवस बिशेष कार्यक्रमलाई संबोधनका लागि सुनसरी जाँने क्रममा बिराटनगर बिमानस्थल अवतरण गर्दा कांग्रेस मोरङका अधिकांस पदाधिकारी देउवाको स्वागतमा गएनन् । यसले पनि देउवाप्रतिको असन्तुष्टि चुलिदै गएको पुष्टि हुँने कांग्रेस स्थानीय नेताहरुको भनाई छ ।







पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## कमजोर...

महंगो मुल्यमा बेच्ने कार्यमा सक्रिय रहेको छ ।

लागु औषध भनेको मानिसले प्रयोग गर्ने कुनैपनि औषधी जसको सेवन गर्दा मानवको केन्द्रिय स्नायु प्रणालीमा प्रभाव पार्नुको साथै प्रयोगकताको भावना तथा सोचाईमा परिवर्तन ल्याउँछ भने त्यसलाई लागु औषध भनिन्छ । लागु औषधले मानिसक चेतना, अनुभूति र मनोभावलाई प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई ह्रास तुल्याउंछ । विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार लागु औषध भनेको कुनै पनि किसिमको रसायनिक पदार्थ हो, जुन स्वास्थ्य शरीरको लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक कार्य तथा मानिसको व्यवहारमा परिवर्तन ल्याउन सक्छ ।

यसरी दैनिक लागू औषध सेवनले हजारौ नेपाली युवा-युवतीहरुको भविष्य अन्धकार बनाउदै गएको दिनानुदिन सुधार गृहमा लागु औषध प्रयोग कर्ताको संख्या बढदै गएको अवस्था रहेको छ ।

स्थानीयको आरोप छ दुवै देशको सुरक्षा निकायको कम्जोरीले दिनहुँ सयौ युवा-युवतीहरु कुलतमा फस्न बाध्य भएका छन् । केही टिकुलियाका लागुऔष विक्रेतो सुरक्षा निकाय देखि ठूलावडा नेताहरुलाई समेत आफ्नो प्रभावमा परेका छन् जसले गर्दा खुलेआम लागु ओषध सेवन र विक्री वितरण गरेको देख्न पाईन्छ भने नेपालका सुरक्षा निकाय पनि आर्थिक प्रभावमा परेको आरोप लगाउदै दुवै देशको सुरक्षा निकाय ध्यान दिए लागु औषध सेवन कर्ता र विक्रेता दुवैको सुरक्षित स्थान बनेको नेपालको दरैया बस्ती र भारतको टिकुलिया बस्तीमा निगरानी वढाई हजारौ युवा-युवतीहरुलाई कुलतवाट जोगाउन सकिन्छ

जानकारका अनुसार खुल्ला सिमा क्षेत्रले लागू औषध प्रयोगलाई थप टेवा पुऱ्याएको छ भने प्रयोगकर्ता र विक्रेतालाई सहज बनाएको छ । जथाभावी रुपमा लागू औषधको ओसारपसारले खुल्ला सिमानामा थप चुनौती थपिएको छ ।

खुला रुपमा लागू औषध बिक्रीवितरणमा प्रहरी प्रशासनले समेत मदत गरेको तथ्य फेला परेको छ । लागू औषध व्यापारी संग केही रकममा सम्झौता गरि मदत गर्ने गरेको सिमा श्रोतले जानकारी दिएका छन् ।

## सभापति...

कांग्रेस केन्द्रिय सदस्यसमेत रहेका नेता कोईरालाले सभापति देउवाले सभापतिको भूमिका निर्वाह गर्न नसक्दा पार्टीमा समस्या सृजना भएको आरोप लगाए । 'सभापति भनेको अभिभावक हो । अभिभावकले पार्टीमा सवैलाई मिलाएर अघि बढ्नु पर्छ । सभापतिले गुट चलाएर कसैलाई काखा, कसैलाई पाखा गर्ने हैन, सवैलाई न्याय दिन्छु भनेर अघि बढ्नुपर्छ उनका सुझाव थियो ।'

कांग्रेसको इतिहासमा यसअघि सधै सहमतिबाटै महाधिवेशनको मिति तोकिने गरेको भन्दै उनले अहिले पनि सहमतिकै आधारमा मिति निर्धारण गर्नुपर्ने अडान दोहोर्याए । फरक प्रशंगमा उनले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता जस्ता मुलभूत बिषयलाई निमोठेर सरकारले प्रजातन्त्रलाई धरापमा पारेको आरोप पनि लगाए । बीपीको राष्ट्रिय मेलमिलाप नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेकोमा पनि उनले जोड दिएका थिए ।

त्यसैगरी कांग्रेस केन्द्रिय सदस्य प्रदिप पौडेलले प्रतिपक्षको भूमिका कांग्रेसले प्रभावकारी रुपमा निर्वाह गर्न नसकेको स्वीकार गर्दै पार्टी नेतृत्वलाई सच्चिएर अघि बढ्न सुझाव दिदै सरकार भ्रष्टाचारको दलदलमा फसेर जनतालाई चुस्ने काम गरिरहेको भन्दै उनले अव सरकारका गलत कामको भण्डाफोर गर्ने गरी प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । पार्टीमा बहुमतको दम्भ देखाएर एकलौटी रुपमा अघि बढ्ने परिपार्टी हावी हुँदै गएको भन्दै उनले बिधान मिचेर अघि बढ्ने छुट कसैलाई नभएको प्रष्ट पारेका थिए ।

कांग्रेस महासमिति सदस्य एवं प्रदेश सभा सदस्य लोकप्रसाद संग्रौलाले कांग्रेसको केन्द्रिय नेतृत्वले एकलौटी काम गरेर बिभाजन निम्त्याएको आरोप लगाए । पार्टी सभापति देउवाले अहिलेको परिस्थितीलाई आत्मासाथ गर्नुपर्ने भन्दै उनले गुटगत राजनीतिलाई अन्त्य गरेर पार्टीलाई एकजुट बनाउँन सभापति देउवालाई सुझाव दिदैं 'पार्टी सभापति अव गुटको मात्र नेता नभई सिंगो पार्टीको नेता बन्नुपर्छ वहांको सुझाव थियो । कार्यक्रममा बोल्ने अधिकांस नेताहरुले सभापति देउवा प्रति असन्तुष्टि जनाउँदै सच्चिएर अघि बढ्न सुझाव दिएका थिए ।

## श्रवणदृष्टी...

संघ विराटनगरले पत्रकार सम्मेलनको आयोजना गरी सो कुराको जानकारी गराएका थिए ।

परियोजना अर्न्तगत श्रवण दिष्टिविहीनलाई शिविरमा ल्याएर निशुल्क थेरापी तथा उपचारको व्यवस्था, ट्रेनिङ तथा सेन्टरमा आउन नसक्ने वालवालिकालाई घर-घरमा पुगेर खान सिकाउने तथा श्रवण दिष्टिविहीनका अभिभावकहरुलाई चेतना मुलुक तालिम तथा परिचयपत्र वितरण गरिने परियोजना प्रमुख प्रसान्त दुलालले जानकारी गराएका थिए ।

उक्त पत्रकार सम्मेलनमा सामाजिक विकास मंत्रालयका सचिव विरवहादुर राईले श्रवण दिष्टिविहीनका अभिभावक वा परिवारलाई आय-आर्जन हुने खालका तालिम प्रदान गर्नुपर्नेमा वताए ।

कोशी वहिरा संघकी सन्तोषी घिमिरेले मोरङमा श्रवण दिष्टिविहीको अवस्थाको वारेमा जानकारी गराइन् । उनका अनुसार मोरंगमा २ सय ५४ जना श्रवण दिष्टिविहीन रहेकोमा विराटनगर महानगरपालीका क्षेत्रमा अहिलेसम्म १० जना श्रवण दिष्टिविहीन रहेको छ । सो परियोजना तीन वर्षसम्म सञ्चालनमा रहने छन् ।

## हतियार...

नं. १० का चौलागाई साथवाट मोवाईल ५ थान, एनसेल सीमकार्ड ५ थान एनटीसी सीमकार्ड ७ थान बरामद गरिएको थियो । चौलागाई इटहरी नगर पालिका वडा नं. ९ को गोदावरी स्कुलको कम्पाउण्डमा भाद्र ५ गते बम विष्फोटका घटनामा पनि संलग्न थिए । त्यसै गरी भदौ २३ गते झापा विर्तामोड नगरपालिका वडा नं. २ चारपाने चौकमा रहेको सहारा नेपाल सहकारी संस्थामा बम बिष्फोटमा संलग्नता रहेको थियो । चौलागाई पार्टीको जिल्ला इन्चार्जको हैसियतमा काम गरि रहेका थिए ।

त्यसैगरी पौडेल विराटनगर महानगर पालिका वडा नं. ९ घर भएका मोरंग जिल्ला सदस्यको हैसियतमा काम गरि रहेका थिए । निजको साथवाट मोवाई ३ थान, एनसेल सिमकार्ड ३ थान बरामद भएको थियो ।

पथरी शनिश्चरे नगरपालिका वडा नं. ३ सिद्धार्थ टोलका धितालको साथवाट १ हजार ९ सय थान पर्चा र सामाजिक फाँसीवादको प्रतिरोध गरौ लेखिएको पम्प्लेट २ सय थान बरामद भएका थिए । तीनै जनाको विषेश अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# विपन्न परिवारलाई न्यानो कपडा प्रदान



बिराटनगर । नोबेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलका बिद्यार्थी र कर्मचारीहरुले शितलहर प्रभावित बिपन्न परिवारलाई न्यानो कपडा प्रदान गरेका छन् । रेडियोग्राफी दोस्रो बर्षमा अध्ययनरत बिद्यार्थीहरुको अगुवाईमा ३१ बिपन्न परिवारलाई न्यानो कपडा प्रदान गरिएको छ ।

बिराटनगर महानगर पालिका वडा नं. १ स्थित सिंघिया खोला आसपास क्षेत्रमा बसोबास गर्ने सुकुम्वासी परिवार र बिराटनगर महानगर पालिका वडा नं. ३ ईक्राहीका शितलहर प्रभावित गरिब तथा बिपन्न परिवारलाई सिरक र म्याट प्रदान गरिएको रेडियोग्राफी दोस्रो बर्षमा अध्ययनरत युनिका न्यौपानेले वताईन ।

जाडो याममा न्यानो कपडा नहुँदा कठ्यांग्रिएर बस्न बाध्य बृद्ध-बृद्धा र बालबालिकालाई लक्षित गरी कपडा प्रदान गरिएको छ । 'धनिले त जाडो छल्न न्यानो कपडा लगाउँन सक्छन् तर, गरिबले न्यानो कपडा नहुँदा यस्तो जाडोमा कठ्यांग्रिएर बसेको देखेर सहयोग गरेको विद्याथीहरुको भनाई छ ।

नोबेल शिक्षण अस्पताल परिसरमा कार्यक्रम गरी करिव ७० हजार मुल्य बराबरको सामाग्री हस्तान्तरण गरिएको छ । कार्यक्रममा नोबेल अस्पतालका सञ्चालक डा.सुनिल शर्माकी आमा होमादेवी न्यौपाने, कलेजका शिक्षक कमल पराजुली, दुर्गा चौलागाई, सुस्वास्थ्य फार्मेसीका सञ्चालक अनिल शर्मा, नोबेल फार्मेसीका बिपिन काफ्ले लगायतले सामाग्री हस्तान्तरण गरेका थिए ।

सो अवसरमा बोल्दै बृद्धबृद्धाहरुले जाडोमा कठ्यांगिएर बसिरहेको अवस्थामा न्यानो कपडा पाउँदा धेरै राहत मिलेको प्रतिक्रिया दिएका छन् । गरिब तथा बिपन्न परिवारलाई कार्यक्रममा भोजनसमेत गराईएको थियो । अत्याधिक चिसो र सितलहरका कारण जनजीवन प्रभावित भईरहेको अवस्थामा नोबेलका बिद्यार्थी र कर्मचारीहरुले स्वतर्स्फूत रुपमा रकम संकलन गरी शितलहर प्रभावितलाई सहयोग गरेका हुन् ।

## सुचना ! सुचना ! सुचना !

सडक क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन बमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**कटहरी गाउँ पालिकाको कार्यालय मोरंग**

## सुचना ! सुचना ! सुचना !

सडक क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन बमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# सडक बालबालिका मुक्त अभियान

संघिय सरकारले सडक वालबालिकालाई मुक्त अभियान प्रदेश नं. १ वाट शुरुवात गरेको छ । सडक बालबालिका मुक्त अभियान शुरु संगै संघिय महिला बालबाकि तथा जेष्ठ नागरिक मन्त्रीले यो अभियान नेपालको सातैवटा प्रदेशमा संचालन गरी सातवटै प्रदेशलाई सडक बालबालिका मुक्त क्षेत्र वनाउने अभियानलाई सफल बनाउनका लागि प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा गर्न अह्वान गरका छन् । ती अभियानलाई सफल पार्नको लागि अध्ययन अनुसन्धान, स्थानीय तहमा बालगृह, बालबालिका सेवा सुविधा, आफ्नै घरमा पनि बाल अधिकारको व्यवस्था नभएको, बढ्दो सोसल मिडियाबाट भएको विकृती, विसंगती, संकुचित मानसिकता भएको प्रशासन र आम नेपाली जनतामा जनचेतनाका कमी भएको अवस्थामा घोषणाले मात्र बालबालिका सडक मुक्त अभियान सफल हुन सक्दैन । यो अभियानलाई सफल बनाउनको लागि प्रत्येक नेपाली नागरिक मानसिक रुपमा तयार हुन् आवश्यक छ । राजनीतिक दलका नेता, प्रहरी प्रशासन, आम नेपाली जनता एकजुट भएर लाग्नु पर्छ

सडक बालबालिका मुक्त वनाउनका लागि एक त नीति नियमको अभाव छ भने अर्को तिर भएको निती नियमलाई नत प्रशासनले लागु गर्न सकेका छन् नत ठूलावडाले बालबालिकालाई काममा लगाउन छोडेका छन् । बालबालिकालाई कसरी सुधार गर्ने ठोस नीति नियमको अभाव भएको स्थानीय तहमा बालबालिकाको व्यवस्थापनको अभाव भएको सुचना प्रविधीमा बालबालिकाको पहुँच नभएको, बालबालिकालाई उद्दार गर्ने प्रक्रिया जटिल भएको, बाल दुराचारको घटना वृद्धि हुँदै गएको छ । यस्ता किसिमको व्यवस्थापनको लागि स्थानीय तहमा बजेटको अभावले यस्ता कुरालागु गर्न कठीन भईरहेको अवस्था छ ।

त्यसले नेपालमा राजनीतिक दलका नेताहरुले मन्त्री पदमा जाने सस्तो लोक प्रियतका लागि संघिय मन्त्री, प्रदेशका मन्त्री र स्थानीय तहका पदाधिकारीहरुले आफ्नो मनपरी घोषण गरेका छन् । पाँच वर्षका लागि गएका मन्त्रीहरुले मनपरी घोषण गरेका छन् । नेपाललाई खुल्ला दिसापिसाव मुक्त घोषण तर गरे तर अहिले पनि पुर्ण रुपमा सफल भएको छनै । बालविवाह मुक्त, बेटी वचाउ अभियान जस्ता अभियान चलाएका छन् तर एउटा वेटी वलात्कार हुंदा दोषीलाई कारवाही गर्न सकेको छैन । इट्टा भट्टावाट बालबालिका हटाउन सकेको छैन । राजनीतिक दलका नेताहरुकै घरमा बालमज्दुर छ । त्यसलाई मुक्त गर्न नसको नेताहरुले सडक बालबालिका मुक्त अभियान घोषणा गर्नु राम्रो हो तर गरेर देखाउन इच्छा शक्ति हुन आवश्यक छ । अन्यथा घोषणा कागजमै सिमित हुनेछ ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# मुस्लिम समुदायमा नेतृत्व अभाव

**जाहिदा बानु**

नेपाल एक बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । भौगोलिक, धार्मिक तथा सांस्कृतिक विविधता भित्र एकताको मालामा गासिएका नेपालीहरूको देश नेपाल हो । नेपाली समाज भित्र एकापसमा एकता र मैत्रिपूर्ण वातावरण छ । नेपालमा मुस्लिम जातिको धर्म, संस्कार, भाषा, रहनसहन, परम्परा, भेषभूषा, साहित्य, कलाकौशल ईत्यादी फरक रहेता पनि हामी नेपाली हौं भन्ने भावना यस समुदायका व्यक्तिहरूको रहेको छ । नेपालमा सदियौं देखि मुस्लिम समुदायको बसोबास रहदै आएको पाइन्छ ।

जनसख्याको हिसाबले मुस्लिम धर्मावलम्वीहरू अल्पसङ्ख्यक रहेता पनि यहाँ का आपसी सद्भाव र सहिष्णुता रहदै आएको छ । नेपालमा मुस्लिम समुदायका व्यक्तिहरूको बसोबास र उपस्थिति पेशा तथा जीबिकोपार्जनका कारण ७७ वटै जिल्लामा रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार नेपालको कूल जनसङ्ख्याको ४.४५ प्रतिशत अर्थात ११,६४,२५५ मुस्लिम जनसंख्या रहेको देखिन्छ । तर अन्य समुदाय संग सम्बन्धित धार्मिक, सामाजिक, आर्थिक, शैछियक, राजनीतिक तथा प्रशासनिक छेत्रको विकासमा मुस्लिम समुदाय निकै पछाडि परेको छ । स्रोत साधनको सन्तोषजनक परिवेशको अनुभूति यस समुदायले गर्न सकिरहेको छैन ।

अधिकांश नेपाली मुस्लिम समुदाय गरिबीको रेखामुनी रहेको पाईन्छ । तूलनात्मक रूपले नेपाली मुस्लिमहरू अशिछियत र बेरोजगार छन । सामाजिक समावेशीकरणका लागि सार्वजनिक छेत्रमा छुट्टै आरक्षण कोटाको निर्धारण भएको छैन । धार्मिक तथा सांस्कृतिक महत्व राख्ने स्थलहरूको स्वामित्व स्थापित भएको छैन । मुस्लिम महिला र बालबालिका शिक्षा, स्वास्थ्य र पोषणमा पछाडि परेका छन् । मदरसा शिक्षा प्रणालीले समकछ्यता र औपचारिकता पाएको छैन । यस समुदायका मुख्य चाडपर्वहरूमध्ये ईद उल फित्र (ईद), ईदुल अज्हा (बका ईद) तथा मुहम्मद जयन्तीको दिन सार्वजनिक विदा दिन सरकारलाई ध्यानाकर्षण गराउनु पर्ने स्थिति रहेको छ ।

मुस्लिमहरूको विभिन्न पछ्यहरूको अन्वेषण र अनुसन्धान छैन । यस समुदायको हक, हित एवं अधिकारको निर्वाध उपभोग गर्न पाउने वातावरणको सीर्जना भएको छैन । प्रगति अर्थतन्त्रका तथ्याङ्कले मात्र नभई यस समुदायको मानिसको जीवनस्तर, सेवा, सुविधा, चेतनाको स्तर र खुशीलाई जाच्दा पनि वास्तवमा यो समुदायको उत्थान विकास हुन सकिरहेको छैन । नेपालमा मुस्लिम नागरिकहरू पिछडिएका अवस्थामा छन् ।

विदेशी इस्लामिक विश्वविद्यालय बाट उच्च शिक्षा हासिल गरेका मुस्लिम नागरिकले शैक्षिक उपाधीको मान्यता पाईरहेका छैनन । हज गर्न जाने हाजीहरूका लागी हज हाउस बन्न सकेको छैन । यस्ता विविध समस्याहरू नीतिगत रूपमा संसोधन गरी कार्यन्वयन गर्न र गराउन आवश्यक देखिन्छ । विद्धमान कानूनी व्यवस्था र नीति नियमहरूको समीक्षया, अनुगमन, मूल्यांकन गरी समयानुकूल संशोधन, परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न जरूरी देखिन्छ । यी सबैको पछाडी यस समुदायमा मुस्लिम नेतृत्वको अभाव हो या हामीमा राष्ट्र प्रेम नभएर राज्यबाट नै अपहेलित छौं ? आखिर दोष कसको छ ?

मुस्लिम समुदायको मानिसको हृदयमा राष्ट्रप्रेम नभएको पनि अवश्य हैन किनकी एक नागरिकको हैसियतले आफ्नो देशको रक्षाका लागि आफूलाई परित्याग गर्नु, वाह्य आक्रमणबाट राष्ट्रलाई बचाउनु र नैतिक सिद्धान्तको रूपमा कानुन र सांस्कृतिको विकास गरेर आफ्नो गौरव बढाउनु नेपाली मुस्लिमहरूको पहिचान रहदै आएको छ । करिब २००७ साल देखिकै सेरोफेरोमा राजनीतिक व्यवस्था शुरू भएको बेला देखि नै प्रजातन्त्र, पञ्चायती व्यवस्था, पञ्चायती व्यवस्थाको पुनर्वहाली र पछिल्लो पटक प्राप्त गणतन्त्रमा नेपालका मुस्लिम जनसमुदायको पूर्ण सक्रियता रहेको छ । मुस्लिम समुदायहरूले आन्दोलनमा आफनो ज्यान समेत गुमाएका छन् । समाज परिवर्तनको लागि भएको क्रान्तिको अभ्यासलाई हेरियो भने मुस्लिम समुदायको अहम र विशिष्ट भूमिका रहेको पाईन्छ ।

> आफ्नो पद तथा शक्तिलाई नीजि शासनको रूपमा लिने मुस्लिम नेताहरूलाई यस समुदायले मुस्लिम नेतृत्व मान्नु एउटा भ्रम हो । नेतृत्वको अभावमा नेताको मूल्य हुदैन । अर्थात जुन व्यक्तीमा नेतृत्वको छ्यमता हुदैन उ नेता बन्ने या भन्ने लायक हुदैन । नेता त्यो हो जसले नेतृत्व गर्छ, सुझाव दिन्छ, पथप्रदर्शन गर्छ, आदर्शको रूपमा काम गर्छ, सरकार र समुदायबीच सामञ्जस्य प्रदान गर्छ । नेताको अर्थ राज गर्नु नभएर जनसमुदायको जीवन सहजीकरण गर्नु हो । जब मानिस असभ्य अवस्थामा थियो र जंगलमा बसोबास गर्थयो तब पनि नेता हुन्थ्यो र आज जब उ सभ्यताको चरम शीखरमा पुगेको दावा गरिरहेको छ तब पनि नेता विभिन्न रूपमा प्रकट भएको पाइन्छ ।

यस्तो योगदानको बावजुद पनि राज्यबाट किन यस समुदायले बारम्बार उपेक्षयाको रूपमा लिनुपर्छ ? सामाजिक सङ्किर्णताको लडाई के अब पनि जातिगत रूपमा लड्नुपर्ने हो त ? यसो हो भने अवश्य पनि नेपाली राजनीतिले फड्को मार्न सक्ने छैन । राजनीति एक निस्वार्थ समाज सेवा जसलाई माध्यम बनाएर आफ्नो चिन्तनलाई परिस्कृत गर्दै आफ्नो समुदाय र जनताको हित र समग्र देशको विकासमा सामेल हुन सकिने उत्तम स्थान हो तर दक्षता, विद्धता, इमान्दारीता र शिक्षाको खडेरी भएका व्यक्ति जब नेता बन्न राजनीतिमा प्रवेश गर्छन तब समुदायको कल्याण भन्दा पनि आफू कसरी चर्चित बन्ने भन्ने चिन्तनमा लागेका हुन्छन् ।

आफ्नो पद तथा शक्तिलाई नीजि शासनको रूपमा लिने मुस्लिम नेताहरूलाई यस समुदायले मुस्लिम नेतृत्व मान्नु एउटा भ्रम हो । नेतृत्वको अभावमा नेताको मूल्य हुदैन । अर्थात जुन व्यक्तीमा नेतृत्वको छ्यमता हुदैन उ नेता बन्ने या भन्ने लायक हुदैन । नेता त्यो हो जसले नेतृत्व गर्छ, सुझाव दिन्छ, पथप्रदर्शन गर्छ, आदर्शको रूपमा काम गर्छ, सरकार र समुदायबीच सामञ्जस्य प्रदान गर्छ । नेताको अर्थ राज गर्नु नभएर जनसमुदायको जीवन सहजीकरण गर्नु हो । जब मानिस असभ्य अवस्थामा थियो र जंगलमा बसोबास गर्थयो तब पनि नेता हुन्थ्यो र आज जब उ सभ्यताको चरम शीखरमा पुगेको दावा गरिरहेको छ तब पनि नेता विभिन्न रूपमा प्रकट भएको पाइन्छ ।

युगान्तकारी परिवर्तन गर्न चाहने मुस्लिम राजनीतिक नेतृत्वले सामाजिक परिवर्तनलाई बुझ्न सकेको छैनन । साथै हामी मुस्लिम समुदाय पनि राज्य र नेतृत्व माथि आस्रित भयौं । समाजको उत्थानको लागि एकजुट हुन सकिरहेका छैनौं । एकाग्र भई आवाज उठाउन र दबाब दिन सकिरहेका छैनौं । वर्तमान नेताहरूमाथी नै विश्वास छैन भने दीर्घकालसम्म स्मरण गर्न लायकका नेता कहिले पाउछौं ? हामी कस्ता छौं, हाम्रो समाज कस्तो छ त्यही अनुसारको नेता हामीले पाउने हौं । नेतृत्व बलवान, वुद्धीमान, शिक्षित, इमान्दार, जवाफदेही र पारदर्शी हुनुपर्छ तर मुस्लिम समुदायमा हामीले यस्ता नेता पाएका छौं त ? पाएका छैनौं भने किन पाएनौं यो बहसमा हामी कहिल्यै प्रवेश नै गर्न चाहेनौं । अदूरदर्शी नेताले भींडलाई एकट्ठा गर्न सक्छ जबकी असल नेतृत्वले आन्दोलन चलाउँछ ।

खै त आन्दोलन ? खै समुदायलाई सन्तुष्टी प्रदान गरेको ? समुदायको समस्याहरू समाधानका लागि माग र दबाब खै ? जुनसुकै पार्टीका मुस्लिम अगुवा किन नहोस पद र शक्तिको दम्भले आफ्नै समाजको कुरा नसुनेका उदाहरणहरू कयौं छन् । आफ्नै सामाजिक मुद्दाहरू पूरा गर्न सकिरहेका छैनन् । जब कुनै समुदाय भित्र नेता छन भने त्यहाँका नेतृत्व हुनु पनि स्वभाविक हो । यो समुदाय पिछडिएको वर्ग उन्मुख कहिले बन्ने । यस्तो चिन्ताजनक अवस्थामा चिन्ता कसले लिने ? मुस्लिम समुदाय राज्यबाट अपहेलित वा मुस्लिम नेतृत्वको अभाव ? (मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# केराबारीको जेफालेमा पर्यटकलाई भव्यस्वगत

पदम कुमार सरदार

विराटनगर। प्रदेश नं. १ मोरंग जिल्लाको केरावारी गाउंपालिका वडा नं. २ बिहिवारे साविक सिंहदेवी पूर्वी नेपालका पर्यटकीय स्थलहरुमध्ये मोरङको जेफालेमा स्थानीय वासीहरुले यतीखेर पर्यटकहरुलाई स्वागत गर्नका लागि पूर्व तयारीमा जुटेको छ।

छिन छिनमा मौषम परिवर्तन भई रहने जेफालेको दृष्य अवलोकन र मनोरम गन्तव्य भएकोले सम्थल स्थानवाट करीब २५ किलो मिटर दुरी पारगरी पर्यटकहरु भित्रिने संख्या अहिले वढेको छ।

पूर्वी नेपालका पर्यटकीय स्थानहरुमध्ये मोरङको जेफाले नयाँ र मनोरम गन्तव्य बनेको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण, शान्त दृश्यावलोकनको हिसावले जेफालेले विस्तारै धेरै आगन्तुकहरुलाई आकर्षित गरिरहेको छ। जेफाले डाँडामा बनेको भ्यूटावरले पुर्वका १६ वटा जिल्ला नियाल्न पर्यटकहरुको घुईचो लाग्ने गरेको केरावारी गाउँपालिकाका अध्यक्ष रोहीत बहादुर कार्कीले बताउनु भयो।

अध्यक्ष कार्कीले भ्रमण वर्ष २०२० लाई स्वागत गर्दै आगन्तुकहरुका लागि शान्ति सुरक्षा, एवं बाटो निमार्णको कार्यमा समेत जुटेको वहाँको भनाई थियो। आगन्तुकहरुका लागि होटलहरुमा स्थानीय परिकार बनाएर खुवाउने व्यवस्था समेत गरिएको छ।

जेफालेको केरावारी गाउँ पालिकाका वडा नः २ स्थित बिहिवारवारे साविक सिंहदेवीमा होम स्टे सञ्चालन भए पछि दैनिक पर्यटकहरुको संख्या बढ्दै गएको जेफाले पर्यटन विकास समितिका सदस्य नारायण राईले जानकारी दिनु भएको छ। वहाँले जेफालेको सवै खाने कुराहरु आर्गानीक हुन्छ। सक्दो पर्यकहरुलाई खुशी पार्नका लागि चन्डी नाच, धान नाच, लगायतका नाचहरु प्रस्तुत गरेर आगन्तुहरुलाई मनोरञ्जन दिने बताउनु भयो।



मोरंग केरावारी गाउँपालिका वडा नं २ मा रहेको मनमोहक जेफाले डाँडा। तस्वीर : श्याम सुन्दर सुतिहार

जेफाले डाँडा केरावारी गाउँपालिकाबाट करिब १८ किलोमिटर र धारान नगरपालिका बाट २४ किलोमिटर उत्तर-भेडेटारबाट पूर्व पहाडी यात्रा गरेपछि पुगिने जेफाले डाँडा समुन्द्र सतहबाट एक हजार ९ सय ५० मिटर उचाइमा छ। जेफाले डाँडाबाट पूर्वाञ्चलको १६ वटै जिल्ला, पूर्वमा मेची नदी तथा पश्चिममा कमला नदी र उत्तरतर्फ कञ्चनजंघा, मकालु, सगरमाथा लगायतका हिमालहरु प्रष्ट देख्न सकिने स्थानीय खजुम विना राईले जानकारी दिनु भयो। वहाँले जेफाले अवलोकन गर्न आउँने पर्यटकहरुलाई स्थानीय परिकार खुवाउने र पर्यटकहरुले आफै बनभोजको रुपमा खान चाहनेहरुलाई पकाउने भाँडा र पानीको वयवस्था गरिदिने बताउनु भयो।

यतीखेर जेफालेमा बनभोज खान र दृश्यावलोकन गर्न आगन्तुकहरु भिड लाग्ने गरेको छ। तराईका सुन्दर फाँटको अवलोकन, बिहानको सुर्योदय र साँझको सुर्यास्तको लोभलाग्दो दृष्य अवलोकन गर्न जेफाले डाँडाले आकर्षित गर्ने गरेको छ। पर्यटन विकासका लागि केरावारी २ बिहिवारे साविक सिंहदेवी बिहीबारेमा २५ वटा घरमा होमस्टे स्थापना भइसकेको स्थानीय भिजिट नेपाल २०२० प्रदेश नः १ का सदस्य डिल्लीराम शर्मा अधिकारीले जानकारी दिनु भयो।

जेफालेमा एक दिनमा १ सय ५० व्यक्तिलाई बास बस्ने र खाना खुवाउनसक्ने व्यवस्था रहेको वहाँको भनाई थियो। जेफालेलाई पर्यटक क्षेत्रको अझ दृघकालिन विकास गर्न स्थानीय र सरोकावला निकाय बिच सहकार्य हुनु आवश्यक छ। पर्यटन क्षेत्र विकासका लागि मोरङको १७ वटै स्थानीय निकायका प्रमुख, उप-प्रमुख र राष्ट्र सेवकहरु अवलोकन गर्न गत शनिवार सहभागि थिए। अवालोकन पछि भिजिट नेपाल २०२० को विषयमा स्थानीय साझा सरोकार मञ्च मोरङले छलफल एवं अन्तरक्रियात्मक गोष्ठी समेत गरेका थिए।

केरावारी २ स्थित बिहिवारे जेफालेमा आयोजीत सरोकार मञ्च मोरङका संयोजक ज्ञानेन्द्र सुवेदीको अध्यक्षतामा अन्तरक्रियात्मक गोष्ठीले जेफालेलाई पूर्वको नमुना पर्यटकयीय क्षेत्र बनाउने निर्णय समेत गरेको छ। स्थानीय सरकार सञ्चाल ऐन र स्थानीयहरुको साझा सरोकार तथा साझेदारीको विषयमा सहकार्य गर्नका लागि गोष्ठी आयोजना गरिएको आयोजकले बताएको छ। गोष्ठीमा स्थानीय सरकारले पारदर्शीताका साथ काम गर्न स्थानीय साझा सरोकार मञ्च मोरङले कार्यपत्र तयार गर्न लागिएको सुनदरहरैचा नगरपालिका का प्रमुख शिवप्रसाद ढकालले बताउनु भयो।

स्थानीय तहको हरेक काम काजलाई प्रभावकारी र उपलब्धि मुलक कार्ययोजना बनाउन कटहरी गाउँपालिका अध्यक्ष रामकुमार कामत, उपाध्यक्ष मन्जिता कुमारी सरदार, ग्रामथान गाउँपालिकाका अध्यक्ष शिवनारायण माझी, उपाध्यक्ष फूलकुमारी चौधरी, जहदा गाउँपालिकाका अध्यक्ष कैलाश प्रसाद मणडल, उपाध्यक्ष सालौ कुमारी साह, बुढीगंगा गाउँपालिकाका अध्यक्ष बालचन्द माझी उपाधयक्ष.अमृता कुमारी गच्छदार लगायतले जोड दिनु भएको थियो। राष्ट्र सेवक कर्मचारीहरुले समेत आफ्ना विचारका राखेका थिए। साथै १७ वटै गाउंपालिकाका समारी चालकहरुले तलबमा एकरुपता ल्याउन मागको लागि मंचमा निवेदन दिएकोमा सोमागलाई सरसल्लाह गरी सम्वोधन गर्ने भएको छ।



दुग्ध विकास संस्थान विराटनगर

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।

## मगही भाषा

### मगही भाषा के कविता

**छोरादेबौ बुलबुल्ला**

जन्ताके माथपर गोलिमाइर
काठमाण्डौ घुमै खुलम खुल्ला।
चिन्ता नैकर नेछा तु
अइबेर छोरैबौऊ बुलबुल्ला-२
मधेशीके मरवाइयो क तु पैसाके
बलपर बइस खया रसगुल्ला।
समयके इन्तिजार मात्र कर तु
छोरैबो तोरो बुलबुल्ला-२
मंत्रीके पोष्टर विकाक तु
मोटाक भेगेल छै हजमोला।
जखन छोरेऊ बुलबुल्ला-२
एक दिस चैना एकदिस इन्डिया
घुकाव चाहौ सिमानक किल्ला
कानमे तुरके तेल ाघ सुतल रह तु
छारेवै, बुलबुल्ला-२
बन्दी बरवौ, ग्यास रोकवौ,
रोकौ चल्ही चौका।
तखन तोरा पता चलतऊ,
भागके नै देवौ तोरा मौका-२
एपपगो राष्ट्रपति बइन, एगो
प्रधानमंत्री बइन
खलाइछे तु रासलिला
चिन्त नैकर छुहु सव
छोरेबौऊ बुलबुल्ला-२

**फुलगेन महतो**

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सप्तरीको छिन्नमस्ता भगवती मन्दिरको छोटो परिचय

सोनम देव

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र छिन्नमस्ता को सखडा गाउँमा पर्छ । छिन्नमस्ता भगवती मनोकामना पूरा गर्ने शक्तिपीठहरू मध्ये एक पीठ मानिएको नेपाल र भारतका आम जनमानसको ठुलो आस्था रहेको छ । यो मन्दिर सप्तरी सदरमुकाम राजविराजबाट १० किमी को दुरीमा रहेको छ। यो मन्दिर भारतीय सीमा नजिक रहेको छ । यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो घुईचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ । प्रायजसो हिन्दूहरू साना ठूला सवारी किन्दा चोख्याउन यहाँ आउने गरेका छन् । यस मन्दिरमा भारत नेपाल दुवै देश का भक्तजन हरुको भीड हुने गर्दछ ।



आदि शक्ति स्वरुपा देवी शखरेश्वरी भगवती शक्ति पीड मुलुककै ५२ पिड् मध्ये एक मानिन्छ । यस पिड लाई छिन्मस्ता, छि नमस्तीका, सखडेश्वरी, सखडा माँ आदि नामले चर्चित छ । दिनहुँ सयौ मानिस हरु यस् पीडमा पूजा, भाकल, आर्चना र सम्बोधन गर्न आउँने गर्दछन् ।

एक किम्वदन्तीका अनुसार, सन् १०९७ मा मुसलमानले आक्रमण गर्दा कर्नाटकका कर्नाटवंशी राजा नान्यदेव भागेर पाटलीपुत्र हुँदै मिथिला आई पुगेर सिम्रौनगढ ( बारा) मा राजधानी कायम गरे । यिनै नायनदेव वंशको पाँचौं पुस्तामा शुक्रसिंह देव राजा भएका थिए । उनी नाबालक छोरा हरिसिंह देवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए । त्यसबेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ । देवीको शिर नभएकोले केही समयपछि छिन्नमस्ता भगवती भन्न थालिएको हो जनविश्वास रहेको छ ।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ । उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रस्ट रूपमा ढुङ्गामा कुदिएको छ । मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ । ती मूर्तिहरूलाई पञ्चभगिनी पनि भनिन्छ ।

पूजा समितिले वर्षका चारवटै नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्दै आएको छ । पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गर्ने गरिएको छ । यहाँ बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्नु, रगत लुगामा लागे पनि दाग नलाग्नु, रगत पोखरीको पानीमा मिसिदा रातो नहुनु, बलि प्रदान गर्ने नाममा राखेका खसी बाखालाई केही नहुनु, बलिका लागि किनेका पशुलाई कुकुर र स्याल टोकेको छ भने मन्दिर नपुग्दै मर्नु आदि आश्चर्यजनक चमत्कारहरु हुँदै आएको स्थानीयहरुको भनाई रहेको छ ।

छिन्नमस्ता भगवती मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा यहाँ नेपाल तथा भारतका श्रद्धालु भक्तजनहरूको बोका, भेंडा, परेवा, हाास र माछा आदि बलिदान सामग्रीसहित दिनहु घुइाचो लाग्ने गरेको छ । यहाँ बलि प्रत्येक दिन ५० वटाभन्दा बढी बलि चढ्ने गरिन्छ भने तथा वडादसैंमा हजारौं बोका, भेंडा, परेवा, हाँस र माछाको पनि चढाइन्छ । मनोकामना पूरा भएकाहरूले पञ्चबलिसमेत गर्छन् । यहाँ वर्षेनी ३० हजार भन्दा बढि बलि प्रदान हुने गरेको विश्वास गरिन्छ ।

छिन्नमस्ता भगवती हिन्दुहरुको मात्र नभएर मुसलमानहरूको पनि आस्थाको केन्द्र बनेको छ । मुसलमान समुदायका हजारौं व्यक्ति विभिन्न मनोकामना लिएर छिन्नमस्ता भगवती मन्दिर बाहिर बसी भाकल गर्ने गरीन्छ भाकल पुरा भएमा वलिपनि चढाईन्छ ।

करिब सवासय वर्षअघि सखडाको भगवती मन्दिर एउटा गुफाको रूपमा थियो । त्यहाँ स्थानीय बासिन्दा च्याखुरी नानी र चुनीलाल ठाकुरले सफा गरी भीक्षाटनबाट सङ्कलित रकमबाट सानो मन्दिर निर्माण गरेका थिए तर सो मन्दिर वि.स. १९९० सालको भूकम्पमा भत्किएकाले त्यस बेलाका पूजारी अनिरुद्ध ठाकुरले समाजको सहयोगमा टिनको छाना भएको मन्दिर बनाएका थिए सो पनि जीर्ण हुँदै गएकाले वि.सं. २०२८ सालमा तत्कालीन भारतीय रेल मन्त्री ललित नारायण मिश्रले पक्की मन्दिरको साथै तीन कोठे धर्मशाला पनि बनाउन लगाएका थिए । वि.सं. २०४४ सालमा तत्कालीन राजा बीरेन्द्रले मन्दिर निर्माणको लागि रु. पाँच लाख चढाएर भगवतीको प्यागोडा शैलीको भव्य मन्दिरको निर्माण गराए जुन अद्यावधि छ ।

नेपाली बृहत् शब्दकोशमा छिन्नमस्ताको अर्थ घाँटी छिनेको, आफ्नो टाउको हातमा लिई घाँटीबाट निस्केको रगतको धारा त्यसै टाउकोलाई खुवाई रहेको भन्ने छ । यस कुरा सखडास्थित मूर्तिसंग मेल खाँदैन । वि.स. १९८४ मा सप्तरी जिल्लाको तिलाठी निवासी ज्योतिषी यदुनन्दन मिश्रले अष्टधातुले बनेको एउटा घण्टा सखडा मन्दिरमा चढाएका थिए । उक्त घण्टामा शक्रेश्वरी एकपटक र महिषमर्दिनी दुईपटक लेखिएको छ । यसबाट स्पष्ट हुन्छ शक्रसिंहले आफ्नो इष्टदेवी भगवती स्थापना गरेका थिए ।

सखडा भगवतीको मूर्तिलाई सूक्ष्मरूपले हेर्दा तीनवटा टुक्रा मिलाएर स्थापित गरिएको देखिन्छ । सन् १३२८ मा गयासुद्धिन तुगलकले तिरहुतमाथि आक्रमण गरेका थिए । जसको फलस्वरूप सिम्रोनगढ ध्वस्त भयो । सिम्रौगढका मूर्तिहरू समेत अहिले पनि फुटेकै अवस्थामा छन् ।

यो एक प्रसिद्ध मन्दिर भएतापनि यहाँ सम्म पुग्न पहिला धरै कठिनाइहरु थियो तर हाल बाटो को समस्या समाधान भएको छ । पर्यटकीयको लागि रमणीय यो स्थलमा अभै धार्मिक पर्यटकहरुलाई भित्रियाउनका लागि अभ्का पोखरीको चारै तिर घेरावेरा गरी पौरानिक कथा अनुसारको भावनहरु निर्माण गरी बृहतर विकास गर्न जरुरी भएको स्थानीय वासीको भनाई छ ।

# बालबालिका मैत्रि कानुन

हिरालाल साह

विराटनगर । प्रदेश नं. १ सडक बालबालिका र वालविवाह मुक्त प्रदेश बनाउने पहिले नै घोषणा गरि सकेकोले संघले ल्याएको सडक बालवालिका रहित कार्यक्रमको सफलताको कामना गर्दै प्रदेश नं. १ ले बालमैत्री कानुन बनाउने प्रतिवद्धता जाहेर गर्नु भएको छ ।

उक्त करा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजना र प्रदेश नं. १ का सामाजिक विकास मन्त्रालयको समन्वयमा नेपाल बाल अधिकारको स्थिति सम्बन्धी एक दिवसिय अन्तरक्रियालाई उद्घाटन गर्दै प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले वताएका थिए ।

सोही कार्यक्रममा राष्ट्रिय बालअधिकार पषिदका निर्देशक सिकेनद्र कुमार श्रेष्ठले बालवालिकाको स्थिति प्रतिवेदन पेश गरेका थए । बालअधिकार सन्धी, महासनधीपत्र, बालबालि का सम्वन्धी योजना राष्ट्रिय नीति तथा बाल संरक्षण, बालविकास, बालसहभागीता को समष्टिगत सुचक, बालबालिका मा नेपाल सरकारले गरेका लगानी वार्षिक वजेट, हाल सम्म देखिएको परिवर्तन र चुनौती प्रस्तुत गरेका थिए ।

अप्ठ्यारोमा परेको बालबालिका लाई उद्धारको लागि २ सय ४० वटा केन्द्र स्थापना, १२ वटा जिल्लामा १२ वटा हेल्पलाईन रहेको, स्कुल जाने बालवाकिाको दर वढेको, साक्षरता दर बढेको, दक्ष सुतकेरी दर बढेकोले नेपाल सरकारले पनि ३ अर्वको लगानीलाई बढाएर ७ सामाजिक सुरषकोष बढाएको छ समग्रमा भन्दा वालअधिकारको स्थिति सुधार देखिएको प्रतिवेदनमा उल्लख छ ।

अन्तरक्रियामा सहभागी स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतका सहभागीहरुले सडक बालवालिकालाई सुधारको लागि ठोस नीति नभएको जति नीति नियम बनेको छ त्यसको सफल कार्यान्वय नभएको गुनासो गरेका थिए । स्थानीय निकायमा बालगृहको अभाव, पर्याप्त अध्ययन अनुसन्धानको अभाव, समाजिक संजालवाट आएको विकृती समाजमा दिनानुदिन वढ्दै गएकोमा यस्ता विकृती तर्फ सरोकारवालाहरुले ध्यान दिनुपर्ने वहांहरुको भनाई थियो ।

उक्त अन्तरक्रिया कार्यक्रका अध्यक्ष महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री एवंम राष्ट्रिय बाल अधिकार परिषदका अध्यक्ष पार्वत गुरुङले नेपाल सरकारले नेपालमा सुनिश्चित बाल अधिका : समृद्ध नेपालको आधार भन्ने मूल नारालाई सार्थक वनाउन अगामी दिनमा संघको अगुवाईमा नभई प्रदेश र स्थानीय तहको अगुवाईमा सहकार्यगरी नेपालका सातै प्रदेशलाई सडक बालवालिका मुक्त बनाउन सवैलाई सहयोग गर्न आग्रह गर्दै कार्यक्रम सम्पनन गरेका थिए ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

सुचना सुचना सुचना

७

उद्यमशील महिला
समृद्धिको पहिचान,
लोकतान्त्रिक
संघियतामा
महिलाको सम्मान ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# जुट मिलका कर्मचारीहरुले पाएनन् तलब

मनिष दास



बिराटनगर । नेपालको राजनीतिक परिवर्तन ल्याउने एतिहासिक प्रदेश नं. १ को राजधानी विराटनगर महानगर पालिकामा रहेको जुट मिलका कर्मचारीहरु अहिले तलव खान सकि रहेका छैन ।

हजारौ मजदुरहरुको चुलो बाल्ने बिराटनगरको जुट मिल आहिले सम्म आउंदा त्यसमा ४६ जना कर्मचारीहरु कार्यरत रहेका छन् । ती कर्मचारीहरुले आज/भोली तलब पाउछु आस गदै ३ बर्ष विती सकेका छन् तर तलब पाएका छैनन् ।

नेपालकै सबभन्दा ठूलो एतिहासिक जुट मिल बिराटनगरको बिराट जुट मिल अहिले पुर्ण रुपमा जिर्न भई मिलका कतिपैय पाठपुर्जाहरु विक्री भई सकेका छन् । विराटनगर जुटमिले करीब ६५ विगहा क्षेत्रफल वोकेको छ । त्यस्ता ऐतिहासिक मिलले नेपालको राजनीतिकलाई परिवर्तन त गरे तर आज जुटमिललाई परिवर्तन गरी सचालनमा ल्याउन कुनै प्रयास गरेको देखिदैन । मिललाई जुन रानिमा रहेको छ। यो जुट मिल करिब ६५ बिगहामा फैलिएको रहेछ। तर वर्तमान समयमा हेर्दा जुट मिल बन्द भएको छ ।

जुटमिलमा अहिले कार्यालय सहयोगी, पाले, खाना पकाउने, सरसफाइ गर्ने महिला लगाएर्त ४६ जना कर्मचारी रहेको छ । मिलमा काम गर्ने कर्मचारीहरु धेरै पहिले देखि काम गररिहेको, कतिको पुरै जीवन मिल मै बितिसकेको छ । मिलमा काम गर्ने मानिसहरु आहिले सम्म पनि आफ्नो दैनिकी बिहान १० बजे देखि बेलुका ४ बजे मिलमै विताउने गरेको छ ।

जुटमिल २०७५ चैत १२ गते पुर्ण रुपले बद भएको छ भने मिलका कार्यालय संचालनमा रहेको छ । कार्यालयमा करिब ३१ जना करारमा कर्मचारी रखेको छ ती कर्मचारीहरुले ३/३ महिनामा म्याद थप गर्दै गरेको छ । मिलमा धेरै कर्मचारीहरु, पालेहरु र अन्य सम्बन्धित कर्मचारीहरुले २०७३ साल देखी तलब नपाएको एक कर्मचारीले गुनासो गरे ।

जुटमिल संचालक समितिको अध्यक्षले दसैंको बेला १०/१५ हजार दिने गर्छ र कुनै महिना ५ हजर सबै कर्मचारी र सम्बन्धित कर्मचारीलाई दिने गरेको उनीहरुको भनाई छ । कर्मचारीहरुले तलब नपाएको भन्दै पटक-पटक कार्यालयमा उजुरी समेत दर्ता गराउंछन तर कुनै सुनवाई हुँदैनन् । कर्मचारीहरु तलब नपएर परिवार चलाउन धेरै नै कठिनाई भई रहेको उनीहरु वताउंछन् ।

वर्षमा दर्जनौ पटक नेपाल सरकारको तर्फवाट मिलको अनुगमन त हुन्छ । ती अनुगमन भएको वेला कर्मचारीहरुले आफ्नो समस्या राख्द छन् तीनीहरुले पनि यो समस्या माथि पुर्‍याउने वाचा गर्दछन् तर फर्केर कोही पनि आउंदैन । सरकारको काम कहिले जाने घाम जस्तै भएको छ । जुटमिल संचालनमा सरकारी पक्ष पुर्ण उदासीन देखिएको छ ।

कर्मचारीले एक त तलव पाउदैन त्यसमा पनि अहिले कार्यालयमा जडान भएको पानी र विजुलीको लाईन काटिएपछि कर्मचारीहरु अर्को पीडामा परेको छ ।

कर्मचारीहरुको तलब नै ३ करोड ६ लाख भएको छ, जसमध्ये एक जना कर्मचारीले तलव पाएमा ७ देखि ८ लाख सम्म हुनेछ ।



धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी र हौं ।

## स्वास्थ्य

### चिसोबाट बच्ने पाँच उपाय

जाडो महिनामा मानिस चिसोबाट बचने उपायका खोजीमा हुने गर्छ । चिसोबाट बच्न खानेकुरा मानिसहर धेरै खर्च गर्ने गर्छन । तर हामीले दैनिक प्रयोग गर्ने चिज चिन्न सकिरहेका हुदैनौ । अब चिन्ता नगर्नुस यहाँ चर्चा गरिदैछ, चिसोबाट बच्न के के खान सकिन्छ ।

१. तील : तील पनि हाम्रो भन्सामा सहजै पाईने खानेकुरा हो । हामी तीलका बिभिन्न परिकार बनाएर खान्छौ । तर जाडो महिनामा यसको प्रयोग गर्दा यसले शरीरलाई न्यानो मात्र हैन हाम्रो पाचन प्रणाली पनि सफा राख्दछ ।

२. दालचीनी : दालचीनी पनि हामीले सधै प्रयोग गर्ने मसलाहरुमा मिलाएर खाँदा फाईदा हुन्छ । अफ जाडो महिनामा तातो दुधमा शखर र दालचीनी मिसाएर खाँदा जाडो र चिसोबाट हुने रोग लाग्न दिदैन् ।

३. लसुन : लसुनमा प्रशस्त मात्रामा एंटिबेक्टेरीयल र एंटिभाईरल गुण हुन्छ । यसले हामीलाई न्यानो राख्नुका साथै हाम्रो शरीरमा भाको कोलेस्ट्रोल पनि घटाँउदछ । लसुनको नियमित सेवनले गर्दा टाउाकोमा हुने समस्या पनि कम गर्छ ।

४. बदाम : जाडो महिनामा नियमित बदाम खानाले हाम्रो शरीर न्यानो हुन्छ । यसले स्वास प्रस्वासमा हुने समस्या बाट पनि छुट्कारा दिन्छ । यसमा ओमेगा ३ फ्याटी एसिड प्रशस्त मात्रामा पाईने हुँदा मोटोपन घटाउन पनि मदत गर्दछ र शरीर फिट राख्न पनि सहयोग गर्दछ ।

५. अदुवा अदुवा हाम्रो भान्सामा सहजै पाहिले तरकारी अथवा मसला हो । अदुवामा प्रशस्त मात्रामा एंटीअक्सीडेन्टस् पाईन्छ जसले चिसो आयाममा स्वास्थ्य रहन सहयोग गर्दछ । यसका साथ साथै यसले शरीरमा बढी भएको प्रोटिनलाई घटाउनाका साथै एसिडिटि र मेटाबोलिजमबाट हुने सबै खालका समस्याहरु हटाउन मदत गर्दछ ।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

कटहरी गाउँ पालिकाको कार्यालय मोरंग

## हार्दिक श्रद्धाञ्जली







जन्म इस्वी सन्
१९६१ मार्च २४

स्वर्गबास इस्वी सन्
१९१९ दिसम्वर २५

स्व. राजकुमार शर्मा

नेपाल बढई कल्याण समाज केन्द्रिय समितिका कोषाध्यक्ष शंकर शर्मा र सचीव संदिप शर्माको काका विराटनगर महानगर पालिका वडा नं. ८ निवासी राजकुमार शर्माको ५८ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दु:खित् भएका छन्। यस दु:खद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं ।

नेपाल बढई कल्याण समाज केन्द्रिय समिति परिवार प्रदेश नं. १ विराटनगर

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पर्दछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग